श्री भंगेरी माध्यमिक विद्यालय

SHREE BHANGERI SECONDARY SCHOOL

मेलुङ गाउँपालिका-१, पवटी, दोलखा
Email: bhangeri2044@gmail.com

Melung Rural Municipality-1, Pawati, Dolakha
IEMIS: 220440004

३ नं प्रदेश, नेपाल

स्थापित २०४४ 2044

पत्र संख्या : ०८३/८४

सूचना नं : ०२

मिति/Date: २०८३/०६/१९

विषय: **रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा मेलुङ गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३/०६/१९ (चलानी नम्बर २२९) को सरुवा प्रकृया अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतिय श्रेणी शिक्षकको १ (एक) पदमा सरुवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित तह र श्रेणीमा योग्यता पुगेका स्थायी शिक्षकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावली, २०५९ को (दशौं संशोधन) को नियम ९९ को व्यवस्था बमोजिम निवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू:

१. सरुवाका लागि निवेदन।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३. आफ्नो सेवा अवधि खुलेको कागजात।

४. स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।

५. शैक्षिक योग्यता (न्यूनतम र माथिल्लो) तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।

६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिर भएको कागजातको प्रमाणित प्रतिलिपि।

७. अध्ययन तथा वेतलबी बिदा लिएको/नलिएको सम्बन्धी खुलेको कागजात।

८. कार्यरत विद्यालय रहेको स्थानीय तहको विद्यालय व्यवस्थापन समिति र विद्यालयको सहमति पत्र।

९. कार्यरत स्थानीय तह र जिल्लान्तर सरुवा भए सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र।

१०. शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिमको पत्र।

११. शिक्षा नियमावली, २०५९ को (संशोधन सहित) नियम ९९ को उपनियम ११ बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजातको प्रमाणित प्रतिलिपि।

नोट: अनलाइन मार्फत आवेदन दिनको लागि आवेदकले सम्पूर्ण कागजात Scan गरी pdf file बनाई विद्यालयको **आधिकारिक इमेल** bhangeri2044@gmail.com मा तोकिएको समयभित्र पठाउनुपर्नेछ।

दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र।

आवश्यक सम्पर्क: ९८४४६५५५९७ (प्र.अ) , ९८६१३५८७२८(सूचना अधिकारी)

2082/06/19

प्रधानाध्यापक

किरण प्रसाद उप्रेती

किरण प्रसाद उप्रेती
प्रधानाध्यापक

बोधार्थ (सूचना प्रकाशन प्रयोजनको लागि)

- शिक्षा विकास तथा समन्वय एकाइ, दोलखा।
- शिक्षा, युवा तथा खेलकुद शाखा (मेलुङ गाउँपालिका), दोलखा।